# साहित्य संसार

नेपाली साहित्य र संस्कृति प्रति प्रतिबद्ध

## हतियार

श्याम रिमाल

हतियारको युद्धमा
मान्छे कहाँ?मान्छेको बुद्धि कहाँ??

जब चल्छ हथियार
ज्ञान,सत्य,विवेक सब मर्न थाल्छन् युद्धपिपासुसामु
तिर्खा मात्र जाग्छ रगतको उधुम ।

जीवन,सभ्यता र संस्कृति
ढल्न थाल्छन् आँखै अगाडि
कोलाहल,आर्तनाद र विभत्सता प्रिय त्यसको ।

हतियारधारी हुन् यो युगका एक नम्वर डरछेरुवा
छन् कायरताका असंख्य गाँठा त्यसका जीउभरि ।

विचारको युद्ध लड्छ जो
त्यो हो योद्धा महान् यो शताव्दीको
हार्दा त्योसँग गुमाउने वस्तु केही रहन्न
विचार हार्दैमा विचारक मरेको देख्नुभएको छ कहीँ ?

Email : info@ipatra.com
P.O.Box 133-011 Peitou 112, Taipei ,Taiwan
www.ipatra.com
इपत्र डट कम